पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्वखोला, पाल्पा ५ नं. प्रदेश, नेपाल

**प्रथम पटक प्रकाशित मिति : २०७६/०७/२०**

यस गाउँ कार्यपालिकाको मिति २०७६/०७/१९ गतेको निर्णय अनुसार यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका खोला तथा नदीहरुबाट चालु आ.व. ०७६/०७७ को जेष्ठ मसान्त (२०७७ जेष्ठ मसान्त सम्म) सम्मको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम नदी जन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, मिस्कट, ग्राभेल) उत्खनन, संकलन तथा घाटगद्धी गरी यस कार्यालयबाट स्वीकृत लिई विक्री गर्ने कार्यको ठेक्का बढावढको माध्यमबाट व्यवस्थापन गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

शर्तहरु

१. दरभाउपत्र प्रकाशित भएको मितिले ७ दिन भित्र रु १०००।- (एक हजार) पछि फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई फर्म र कम्पनीको दर्ता इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि लिखित निवेदन दिई यस गाउँ कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७६/०७/२५ गते कार्यालय समय सम्म, दर्ता गर्ने मिति २०७६/०७/२६ गतेको १२:०० वजे सम्म, खोल्ने मिति २०७६/०७/२६ गते १:०० वजे र स्थान:- गाउँ कार्यपालिकाको कार्यालय, पूर्वखोला, पाल्पा । दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ । दर्ता भएका दरभाउपत्रहरु उल्लेखित समयमा दरभाउपत्रदाता स्वंय वा निजको प्रतिनिधि र कार्यालयका कर्मचारीहरुको रोहवारमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन् ।
३. दरभाउपत्र जमानत/धरौटी वापत आफुले कबोल गरेको अंकको ५ ( पाँच) प्रतिशत का दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा ग्लोबल आइएमई बैंक पूर्वखोला शाखामा रहेको धरौटी खाता नं. F204010000004 मा जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त कुनै वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) सक्कलै पेश गर्नु पर्ने छ ।
४. दरभाउपत्रको BOQ मा दररेट अंक र अक्षर दुवैमा स्पस्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक भएमा अक्षरमा उल्लेख भएको दररेटलाई मान्यता दिइनेछ ।
५. खरिद गरेको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खामबन्दी गरी शिलबन्दी लाहाछाप लगाई खाम बाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना र ठेक्का नम्वर उल्लेख गरी तोकिएको समय भित्रै पेश गर्नुपर्ने छ ।
६. एक फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को नामबाट पेश गर्न पाईने छैन ।
७. दरभाउपत्र खरिद गर्दा कार्यालयको छाप र आधिकारीक व्यक्तिको सही भएको दरभाउत्रपत्र बाहेक अन्य दरभाउपत्र पेश गर्न पाईने छैन । सो कुरा दरभाउपत्र खरिद गर्दा चेक गरी लिनु पर्नेछ ।
८. दरभाउपत्रमा कुनै त्रुटी हुन गएमा त्रुटी सुधार तथा संसोधन गर्ने, दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने ।
९. दरभाउपत्रमा रकम उल्लेख गर्दा मूल्य अभिबृद्धि कर (VAT ) बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।
१०. दरभाउपत्र दर्ता गर्ने फर्म तथा व्यक्तिहरुले दरभाउपत्र पेश गरिसकेपछि सार्वजनिक खरिद ऐन २०६३, नियममावली २०६४ र ५ नं. प्रदेशबाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ समेत राम्रोसँग बुझेको मानिनेछ । जानकारी नभएको दावी गर्न पाइने छैन ।
११. दरभाउपत्रदाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा कागजात दरभाउपत्र फाराम साथ पेश गर्नुपर्ने छ ।
१२. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र ५ नं. प्रदेशबाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम हुने छ । साथै यस कार्यालयबाट दरभाउपत्र साथ उपलब्ध हुने शर्त वन्देजहरु पालना गर्नु पर्नेछ ।
१३. कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र १३ प्रतिशत मूल्य अभिवृद्धी कर थप लाग्ने छ ।
१४. यस सूचनामा कुनै संसोधन भएमा यस कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ
१५. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न वा मो.नं. ९८५७०६८५७५ मा सम्पर्क राखी बुझ्न सकिने छ ।
१६. अन्य शर्तहरु दरभाउपत्र फाराम साथ संलग्न हुनेछ ।

| ठेक्का नं. | खोला/घाटको नाम | उत्खनन गर्न सकिने परिमाण घन मिटरमा | जम्मा रकम | दरभाउपत्र फाराम खदिर दस्तुर |
|---|---|---|---|---|
| १-०७६/०७७ | पूर्वखोला(मसार पहिरोदेखि मर्स्याङ्दी चिर्के ढुङ्गासम्म | ३८७६ | ४००००० | १००० |

८/२०